☎ ५५१२१६-०७१
सचिवः ९८५७०७५६६६
सूचना अधिकारीः ९८५७०७५१८४

प्रदेश सरकार
लुम्बिनी प्रदेश


# उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

मुकामः बुटवल

## प्रस्ताव आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७७/१०/०१)

यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत लुम्बिनी प्रदेशमा जैविक विविधताको विद्यमान अवस्था र संरक्षणका प्रयासहरू सम्बन्धी विस्तृत अध्ययन कार्यक्रमको अध्ययन अनुसन्धानको कार्य रू.१३ लाखमा (भ्याट समेत, ल.ई. बमोजिम) सेवा प्रदायक मार्फत गर्नुपर्ने भएकोले स्वीकृत कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्रतिवेदन पेश गर्नका लागि इच्छुक पेशागत दक्षता तथा अनुभव भएका प्रचलित कानून बमोजिम दर्ता भई योग्यता पुगेका नियमानुसार कर चुक्ता भएका र कारवाहीमा नपरेका सेवा प्रदायक सघंसंस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र संस्थाको प्रोफाईल र ToR मा उल्लेख गरिएका कागजात सलंग्न राखी तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै रुपमा शिलबन्दी गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. यो सुचना पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, मुकामः बुटवलमा प्रस्ताव गरे वापतको दस्तूर रु.१०००।- (एक हजार) राष्ट्रिय बाणिज्य बैंक लि., बुटवल शाखाको राजश्व खाता नं. १०००२०००१०००० , राजश्व शिर्षक नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) मा यस मन्त्रालयको कार्यालय कोड, ३०७००४८०१५ मा दाखिला गरेको सक्कल भौचर सहित, नवीकरण भएको इजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र गत आ.व.को करचूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु प्राविधिक प्रस्तावसाथ संलग्न गरी यस मन्त्रालयमा कार्यालय समय भित्र सेवाप्रदायक वा निजको अधिकृत प्रतिनिधिले प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

२. पेश भई दर्ता भएका प्रस्तावहरु १६ औं दिनको १२:०० बजे प्रस्तावदाता वा निजको अधिकृत प्रतिनिधीको रोहबरमा यस मन्त्रालयमा खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. प्रस्ताव बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको दिनमा तोकिएकै समयमा हुनेछ।

४. प्रस्तावदाताले जमानत वापत रू. ३१,०००/- रकम प्रदेश लेखा नियन्त्रक कार्यालय रुपन्देहीको नाममा राष्ट्रिय बाणिज्य बैंक लि., बुटवल शाखाको धरौटी खाता नं. ३१२००२०२०३०००० मा यस मन्त्रालयको कार्यालय कोड ३०७००४८०१५ मा दाखिला गरेको सक्कल भौचर वा ७५ (पचहत्तर) दिनको म्याद भएको यस मन्त्रालयको नाममा जारी गरिएको बैक ग्यारेन्टी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

५. सम्पादन गर्नुपर्ने काम मन्त्रालयबाट स्वीकृत कार्य क्षेत्रगत शर्त बमोजिम हुनेछ ।

६. आर्थिक प्रस्तावमा भ्याट सहितको जम्मा रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

☎ ५५१२१६-०७१
सचिवः ९८५७०७५६६६
सूचना अधिकारीः ९८५७०७५१८४

७. प्रस्ताव मुल्याङ्कन र स्वीकृतिको आधार तथा मापदण्डहरू मन्त्रालयले तोके बमोजिम हुनेछ ।

८. प्रस्ताव स्वीकृत भै म्याद भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ ।

९. नियमानूसार लाग्ने सम्पूर्ण करहरु सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

१०. सेवाप्रदायकले मन्त्रालयमा भएको सरोकारवाला सँगको अन्तिम छलफलवाट प्राप्त सुझाव समेत समेटेर अन्तिम प्रतिवेदनको Softcopy र दश प्रति Hardcopy पेश गरेपछि भुक्तानी दिइने छ । कार्य प्रारम्भको लागि पेश्की माग भएमा प्रचलित नियमानुसार हुनेछ ।

११. प्रस्तावदाताले शिलबन्दी प्रस्ताव पेश गर्दा प्रस्तावको हरेक पृष्ठ र पेश गरिएका प्रत्येक कागजातमा सहीछाप गरेको र सम्बन्धित फर्मको छाप लागेको हुनु पर्नेछ । साथै कालो सूचिमा नपरेको स्वयंले घोषणा गरेको पत्र सिलबन्दी साथ अनिबार्य पेश गर्नु पर्नेछ ।

१२. प्रस्ताव सम्वन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट बुझ्न सकिनेछ ।

१३. म्याद नाघी आएको तथा रीत नपुगेको प्रस्तावमा कुनै कारवाही हुने छैन ।

१४. अन्य कुराहरु हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

१५. यो सूचना कार्यालयको वेभसाइट **www.moitfe.p5.gov.np** मा पनि हेर्न सकिनेछ ।

निमित सचिव